Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३१७ | वि.सं. २०८२ | फागुन | २५ | सोमवार | नेपाल संवत: ११४५, | चैत्र कृष्णपक्ष षष्ठी | Monday | 9 | March | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णालीको ब्यालेटमा दलिय शक्ति

# कांग्रेस र नेकपाले प्रतिष्ठा जोगाउँदा कमजोर बन्यो एमाले

**◣ओम शाही**
**सुर्खेत, २४ फागुन ।**

कर्णाली प्रदेशमा प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत १० जिल्लाका १२ वटै निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ। सार्वजनिक मतपरिणाम अनुसार कर्णालीमा नेपाली कांग्रेस पहिलो र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) दोस्रो दल बनेका छन्। कांग्रेसले पाँच र नेकपाले चार निर्वाचन क्षेत्रको नतिजा आफ्नो पक्षमा पारेका छन्।

आफुलाई कर्णालीमा बलियो संगठन र मत रहेको दावी गर्ने नेकपा एमाले एक सिटमा सीमित भएको छ। देशभर बढारिदा कर्णालीबाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले साख जोगाएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो पहिलो जित निकालेको छ। नेपाली कांग्रेसले हुम्ला, मुगु, दैलेख-१, जाजरकोट र सुर्खेत-१ जितेको छ। हुम्लामा जयपति रोकाया, मुगुमा खड्ग शाही, दैलेख-१ मा वासना थापा, जाजरकोटमा खडकबहादुर विसी र सुर्खेत-१ मा विष्णु बहादुर खड्का निर्वाचित भएका छन्।

काँग्रेसका सुर्खेत-२ बाट लडेका नारायणकुमार कोइराला रास्वपासँग पराजित भए। सल्यानबाट लडेका जिल्ला सभापति केशबहादुर विष्ट,



रुकुमपश्चिमबाट चुनावमा होमिएका राजु केसी, डोल्पाबाट पार्टीका सहमहामन्त्री कर्णबहादुर बुढा, कालीकोटबाट हर्ष बम नेकपासँग पराजित भएका छन्। जुम्लाबाट चुनावी प्रतिस्पर्धामा रहेका दीपबहादुर शाही राप्रपासँग पराजित भए।

दैलेख-२ बाट चुनावी मैदानमा होमिएका दिक्पालकुमार शाही एमालेसँग पराजित भए। २०७९ मा एमालेका लक्ष्मीप्रसाद पोखरेललाई झिनो मतान्तरमा पराजित गरेका शाहीलाई यो चुनावमा उनैसँग हार व्यहोर्नु परेको छ।

नेपाली कम्युनिष्ट पार्टीले सल्यान, रुकुम पश्चिम, कालीकोट, डोल्पामा जितेको छ। डोल्पामा पूर्वसमाजवादीका नेता धनबहादुर बुढा निर्वाचित भएका छन्। बुढाको यो चौथो जित हो। उनी २०७० यताका सम्पन्न सबै निर्वाचनमा विजयी हुँदै आएका छन्। विगतमा नेकपा एमालेबाट चुनाव लड्दै आएका उनी पछिल्लो समय नेकपा (एकीकृत समाजवादी) मा थिए।

माधवकुमार नेपालले पार्टी विभाजन गर्दा उनी

▶▶ बाँकी ३ पेजमा

### किन कमजोर बन्यो एमाले ?

कर्णालीमा गएका दुई निर्वाचनबाट एमालेका पक्षमा बलियो जनाधार देखिन्थ्यो। २०७४ मा तत्कालिन माओवादी केन्द्रसँग गठवन्धन गरेको एमालेले प्रतिनिधिसभामा कांग्रेसलाई क्लिनस्वीप गरेको थियो। २०७४ मा समानुपातिकतर्फ प्रतिनिधिसभामा एक लाख ८२ हजार आठ सय ४३ र प्रदेशभारमा एक लाख ६९ लाख सात सय ५६ मत प्राप्त गरेको थियो।

यो मत कांग्रेस र तत्कालिन माओवादी केन्द्रको तुलनामा निकै लोकप्रिय थियो। प्रतिनिधिसभाका प्रत्यक्षतर्फ १२ मध्ये ६ सिट र प्रदेशसभामा ४० सिटमध्ये २० सिट जितेर कर्णालीमा पहिलो दल बनेको थियो एमाले। माओवादीले आधार इलाका दाबी गर्ने प्रदेशमा एमालेको यो सांगठनिक अवस्थालाई कमजोर भन्न सकिने अवस्था थिएन।

▶▶ बाँकी ४ पेजमा

## कञ्चनपुरका तीनवटै क्षेत्रमा रास्वपा विजयी



**◣युग संवाददाता**
**महेन्द्रनगर, २३ फागुन ।**

प्रतिनिधिसभा सदस्यअन्तर्गत कञ्चनपुरका तीनवटै निर्वाचन क्षेत्र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारहरू निर्वाचित भएका छन्। यहाँको कञ्चनपुर १ मा रास्वपाका जनकसिंह धामी विजयी भएका छन्।

२४ हजार ३३२ मतसहित उनी विजयी भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। सो क्षेत्रमा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार बिना मगरले ११ हजार ११०, नेपाली कांग्रेसका उम्मेदवार गोपीप्रसाद उपाध्यायले आठ हजार ४६७ मत प्राप्त गरे। त्यसैगरी नेकपा (एमाले)का उम्मेदवार तारा लामा तामाङले आठ हजार ८८ मत प्राप्त गरेका छन्। कञ्चनपुर १ मा कुल ६१ हजार ७४ मत खसेको थियो।

त्यसैगरी कञ्चनपुर २ मा पनि रास्वपाका दीपकराज बोहरा भारी मतान्तरले विजयी भएका छन्। उनले नेपाली कांग्रेसका नारायणप्रकाश साउदलाई पराजित गरेका हुन। बोहराले ३३ हजार ९५२ मत प्राप्त गर्दै विजय हासिल गर्दा कांग्रेस उम्मेदवार साउदले १० हजार ८२७ मत प्राप्त गरेको निर्वाचन अधिकृत प्रकाश भण्डारीले जानकारी दिए।

त्यसैगरी एमालेका बचनबहादुर सिंह छ हजार ४१८ मत, नेपाली कम्युनिष्ट पार्टीका माधव पन्तले छ हजार ३३७ मत प्राप्त गरेका छन्। यहाँ कुल ६५ हजार ३४७ मत खसेको थियो। त्यसैगरी यहाँको कञ्चनपुर ३ मा रास्वपा ज्ञानेन्द्रसिंह महता २७ हजार ११८ मत प्राप्त गरी विजयी भएका छन्।

यहाँ कांग्रेसका उम्मेदवार हरिप्रसाद बोहराले नौ हजार ४४३, नेकपा एमालेका उम्मेदवार दीपकप्रकाश भट्टले सात हजार ५७५ मत प्राप्त गरेका छन्। कञ्चनपुर ३ मा कुल ५८ हजार ३६१ मत खसेको थियो। जिल्लाका तीनवटा क्षेत्रमा निर्वाचित भएका धामी, बोहरा र महता पहिलो पटक सांसद निर्वाचनमा होमिएका थिए।

## प्रधानमन्त्रीसमक्ष छानबिन आयोगको प्रतिवेदन पेस

**◣युग संवाददाता**
**काठमाडौँ, २४ फागुन ।**

प्रधानमन्त्री सुशीला कार्कीसमक्ष भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले एक हजार पृष्ठको प्रतिवेदन प्रस्तुत गरेको छ। पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगमा नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य थिए।



प्रधानमन्त्रीसमक्ष प्रतिवेदन पेस गरेपछि आयोगका सदस्य शर्माले करिब २०० जनालाई सोधपुछ गरिएको र विज्ञहरुसँग पनि राय लिएर तयार गरिएको प्रतिवेदनमा दोषीमाथि कारबाहीको सिफारिस गरिएको जानकारी दिए।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आफूहरूले इमानदारीसाथ काम गरेको र बिनाकुनै पूर्वाग्रह जे देख्यो त्यही कुरा प्रतिवेदनमा राखेको जानकारी दिए। भविष्यमा यस्तो घटना नहोस् भनेर सुझाव पनि प्रतिवेदनमा राखेको उनले बताए।

उनले भने, "कुशासनका कारण यो घटना भएको छ। नियमनकारी निकायहरूलाई विकृत पारिएको छ। न्यायपालिका, कार्यपालिका सबैतिर ढिलासुस्ती छ। न्यायाधीशदेखि संवैधानिक नियुक्तिसमेत दलीय भागबण्डामा गर्ने प्रवृत्तिले आक्रोश बढेको पाइएको छ। यो प्रतिवेदन कार्यान्वयन भएमा देशको मुहार फेरिन्छ।"

आयोगका सदस्य विज्ञानराज शर्माले यो प्रतिवेदन जाँचबुझ मात्र भएकाले अब कारबाही गर्ने निकायले अनुसन्धान गर्नुपर्ने र यसमा अनुसन्धानका लागि आधार तयार गरिदिएको बताए। अर्का सदस्य विश्वेश्वर भण्डारीले सुशासनका लागि के गर्ने भन्ने विषयमा प्रतिवेदनले उल्लेख गरेका कुरा कार्यान्वयन गर्न सके मुलुकको अवस्था धेरै फेरिन सक्ने बताए।

**जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन हुने**

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ को घटना जाँचबुझ आयोगबाट प्राप्त प्रतिवेदन कार्यान्वयनको प्रक्रियामा लगिने बताएका छन्। उक्त आयोगको प्रतिवेदन ग्रहण गरेपछि उनले त्यसलाई अब आफू र गृहमन्त्रीले अध्ययन गरी मन्त्रिपरिषद्मा पेस गर्ने बताए।

प्रधानमन्त्रीले प्रतिवेदन अध्ययन गरी कार्यान्वयको प्रक्रिया अघि बढाउने र त्यसलाई आवश्यकतानुसार सार्वजनिक पनि गर्ने बताए। प्रधानमन्त्री कार्कीले भने, "सार्वजनिक गर्ने कुरामा पनि हामी छलफल गर्छौं यसको विवरण हेरेर पूरै दस्तावेज तत्कालै सार्वजनिक गर्न नसके निचोड मात्र भए पनि सार्वजनिक गर्छौं।"






## सम्पादकीय....

# जनमतको सन्देश र नयाँ दलको जिम्मेवारी

हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनले नेपालको राजनीतिक इतिहासमा एउटा महत्वपूर्ण सन्देश दिएको छ। यस चुनावबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अपेक्षाभन्दा फरक र उल्लेखनीय सफलता हासिल गरेको छ भने दशकौँदेखि सत्ताको केन्द्रमा रहेका पुराना दलहरू कमजोर अवस्थामा पुगेका छन् । यो परिणाम केवल चुनावी अंकगणित मात्र होइन, जनताको मनोभावनाको स्पष्ट अभिव्यक्ति पनि हो । बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएयता झण्डै तीन दशकसम्म नेपाली कांग्रेस, नेकपा एमाले तथा विभिन्न कम्युनिष्ट शक्तिहरू देशको शासनसत्तामा रहँदै आएका छन् । यी दलहरूले व्यवस्था परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका भए पनि नागरिकका अपेक्षाअनुसार विकास, सुशासन र समृद्धिको परिणाम दिन सकेनन् । देशले लिनुपर्ने आर्थिक र सामाजिक रूपान्तरणको गति अपेक्षाकृत कमजोर रह्यो । उद्योगधन्दा विस्तार भएनन्, रोजगारीका अवसर पर्याप्त सिर्जना भएनन्, र आर्थिक समृद्धिको आधार मजबुत बन्न सकेन ।

देशको ठूलो जनसंख्या आज पनि रोजगारीको खोजीमा विदेशिन बाध्य छ। स्वदेशमै श्रम गरेर सम्मानपूर्वक जीवनयापन गर्ने वातावरण बन्न सकेको छैन । सामाजिक सुरक्षाको दायरा कमजोर रहँदा नागरिकले भविष्यप्रति आश्वस्त हुने अवस्था पनि पटक्कै देखिएन । यसका साथै राज्य स्रोतको दुरुपयोग, अनियमितता र भ्रष्टाचारका घटनाले राजनीतिक दलप्रतिको विश्वास क्रमशः घट्दै गयो । सत्तामा पुगेका नेताहरूले जवाफदेहिताभन्दा पनि संरक्षण र उन्मुक्तिको संस्कृतिलाई बढावा दिएको आरोप व्यापक रूपमा उठिरह्यो । यही पृष्ठभूमिमा यसपटकको निर्वाचनमा मतदाताले नयाँ विकल्प खोज्ने संकेत दिएका छन् । रास्वपाप्रति देखिएको समर्थनलाई केवल दलप्रतिको समर्थनभन्दा बढी पुराना राजनीतिक प्रवृत्तिप्रतिको असन्तुष्टिको अभिव्यक्ति मान्न सकिन्छ। नागरिकले विगतमा विश्वास गरेका दलहरूबाट अपेक्षित परिणाम नआएपछि अब केही नयाँ प्रयासले परिवर्तन ल्याउला कि भन्ने आशा बोकेर मत दिएका देखिन्छन् ।

तर जनताको यो समर्थनसँगै ठूलो जिम्मेवारी पनि जोडिएको छ । परिवर्तनको नारा मात्र पर्याप्त हुँदैन; त्यसलाई व्यवहारमा उतार्न सक्ने क्षमता र इमानदारी आवश्यक हुन्छ । भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभुति, रोजगारी सिर्जना, र आर्थिक विकासको स्पष्ट मार्गचित्र प्रस्तुत गरेर कार्यान्वयन गर्नु अहिलेको सबैभन्दा ठूलो चुनौती हो । साथै, राज्य सञ्चालनको अनुभव कम भएको नयाँ शक्तिले नीति निर्माण र कार्यान्वयनमा परिपक्वता देखाउन सक्नु पनि उत्तिकै महत्वपूर्ण छ । जनताले दिएको विश्वास क्षणिक नबनोस् भन्ने सुनिश्चित गर्न पारदर्शिता, जवाफदेहिता र परिणाममुखी काम आवश्यक हुन्छ । यस चुनावले पुराना दलहरूलाई पनि गम्भीर आत्मसमीक्षाको अवसर दिएको छ । जनताको अपेक्षा बुझेर आफ्नो कार्यशैली सुधार्ने हो भने लोकतन्त्र अझ सुदृढ बन्न सक्छ । अन्ततः लोकतन्त्रको सुन्दरता नै जनमतमार्फत सत्ता र शक्ति पुनःपरिभाषित हुनु हो । त्यसैले अहिलेको जनादेशलाई परिवर्तनको संकेतका रूपमा बुझ्न आवश्यक छ । नागरिकले दिएको सन्देश स्पष्ट भनेको काम गर्नेहरूलाई समर्थन र काम नगर्नेहरूलाई चेतावनी । अब यो सन्देशलाई कसरी व्यवहारमा रूपान्तरण गरिन्छ भन्ने कुरा आगामी राजनीतिक यात्राले तय गर्नेछ ।

## विश्व

### अमेरिकी सैन्य कारबाहीमा इरानी नौसेनालाई ठूलो क्षति

**वासिङ्टन, २३ फागुन ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्ला तीन दिनको अवधिमा अमेरिकी सेनाले इरानका ४२ वटा नौसैनिक जहाज नष्ट गरेको दाबी गरेका छन् । फ्लोरिडा राज्यको डोराल शहरमा आयोजित 'शील्ड अफ द अमेरिकाज समिट' कार्यक्रममा पश्चिमी १२ देशका नेताहरूलाई सम्बोधन गर्दै उनले यस्तो बताएका छन् । ट्रम्पका अनुसार हालै गरिएको सैन्य कारबाहीका क्रममा अमेरिकी सेनाले इरानको नौसेनालाई ठूलो क्षति पुऱ्याएको छ। उनले इरानको हवाई शक्ति कमजोर पारिएको तथा देशको मुख्य सञ्चार तथा दूरसञ्चार प्रणाली समेत ठप्प पारिएको दाबी गरे । ट्रम्पले आफ्नो सम्बोधनमा अमेरिकी कारबाहीपछि इरानको नौसेना प्रभावहीन बनेको छ र सैन्य तथा सञ्चार संरचनामा गम्भीर असर परेको बताएका छन् ।

यसअघि फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध 'ठूलो सैन्य अभियान' सुरु गरेको बताएका छन् । उक्त अभियानपछि क्षेत्रीय तनाव तीव्र रूपमा बढेको छ । इरानले त्यसको प्रतिकारस्वरूप मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी र इजरायली लक्ष्यहरूमा लगातार प्रतिआक्रमण गरिरहेको बताइएको छ। अर्ध-सरकारी तस्निम समाचार एजेन्सीका अनुसार पछिल्लो एक साताको अवधिमा इरानी सेनाले करिब ६०० वटा मिसाइल प्रहार गरेको छ भने करिब दुई हजार ६०० वटा ड्रोन प्रयोग गरी आक्रमण गरेको जनाएको छ। ती आक्रमणहरू अमेरिका र इजरायलसँग सम्बन्धित करिब २०० सैन्य तथा रणनीतिक लक्ष्यहरूमा केन्द्रित रहेको बताइएको छ ।

विश्लेषकहरूका अनुसार अमेरिका, इजरायल र इरानबीच बढ्दो सैन्य गतिविधिले मध्यपूर्व क्षेत्रको सुरक्षा अवस्था झन् संवेदनशील बनाएको छ । पछिल्ला घटनाक्रमले क्षेत्रीय द्वन्द्व थप फैलिने जोखिम बढाएको भन्दै अन्तर्राष्ट्रिय समुदायले परिस्थितिलाई नजिकबाट नियालिरहेको बताइएको छ ।

### भेनेजुएलामा आममाफी कानूनपछि राजनीतिक बन्दी रिहा

**काराकास, २३ फागुन ।** भेनेजुएलामा नयाँ आममाफी कानून लागू भएपछि राजधानी काराकासस्थित जेलबाट १७ जना राजनीतिक बन्दी रिहा भएका छन् । पत्रकारहरूले शनिबार उक्त रिहाइको दृश्य प्रत्यक्ष देखेका थिए ।

गत महिना पारित गरिएको यो ऐतिहासिक कानूनलाई डेल्सी रोड्रिगेजले अघि बढाएका छन् । उनी पूर्व राष्ट्रपति निकोलस मादुरो पक्राउ परेपछि सत्ता सम्हाल्दै आएको बताइएको छ ।

मानवअधिकार संस्था फोरो पेनालका अनुसार, मादुरो पदच्युत भएयता हालसम्म ६२१ भन्दा बढी राजनीतिक बन्दीहरू रिहा भइसकेका छन् । तर, अझै करिब ५०० जना बन्दी जेलमा छन् ।

बन्दीका परिवारहरूले लामो समयदेखि रिहाइको माग गर्दै आएका थिए । केही महिलाहरूले झन्डै एक हप्ता लामो अनशन गरे भने केही परिवारले जेलको गेटमा साङ्लो लगाएर विरोध प्रदर्शन गरे । कतिपयले हप्तौँसम्म टेन्टमा बसेर आन्दोलन

बाँकी ४ पेजमा

# चुनावी हारसँगै गगन थापामाथि नैतिक दबाव, अब के गर्लान ?



✍ कुलचन्द्र न्यौपाने



काठमाडौं-४ को चुनावी मैदान छाडेर पार्टी सभापति गगन थापा किन त्यहाँ पुगे र कसले यो सबै पृष्ठभूमि तयार पार्यो ?

आइतबार बिहान नहुँदै सर्लाही-४ बाट आएको निर्वाचन परिणामलाई लिएर पुरानो दल कांग्रेसभित्र अनेकन खासखुस, चिन्ता र चर्चा सुरु भएको छ। काठमाडौं-४ को चुनावी मैदान छाडेर पार्टी सभापति गगन थापा किन त्यहाँ पुगे र कसले यो सबै पृष्ठभूमि तयार पार्यो भन्ने विषय भने सबैभन्दा धेरै चर्चामा छ।

विशेष महाधिवेशनले पुस ३० गते सभापतिसहित नयाँ केन्द्रीय कार्यसमिति चयन गरे पनि निर्वाचन आयोगले त्यसको वैधानिकता माघ ४ गते मात्रै दिएको थियो । माघ ६ गते उम्मेदवार मनोनयनको दिन थियो । त्यो चापाचापमा सभापति थापासँग न पर्याप्त समय थियो, न त तयारी नै । त्यही धपेडीका बेला उनले तीनपटक जिताएका काठमाडौं-४ का मतदाता छाडेर सर्लाही-४ मा जाने निर्णय लिए । सभापतिको सर्लाही गमनलाई लिएर यतिबेला कांग्रेसकै नेताहरूले सामाजिक सञ्जालमा विभिन्न टिकाटिप्पणी गरेका छन् । कतिपयले उनलाई त्यहाँ कसले लगेको थियो भनेर खोजबिन गर्नुपर्ने बताएका छन् । कतिपयले भने विशेष महाधिवेशनको औचित्य र वैधता समाप्त भएको टिप्पणी गर्दै उनको नैतिकतामै प्रश्न तेर्स्याएका छन् ।

विद्यार्थी राजनीतिदेखि नै परिवर्तन, सुधार र नयाँ पुस्ताको प्रतीक बनेर उभिएका थापाले पछिल्लो एक दशकमा सबैभन्दा सक्रिय र मुखर नेताको परिचय बनाएका थिए । संसदमा हुँदा होस् वा पार्टी सरकारमा हुँदा होस्, उनले खुलेर आलोचना गर्ने, नीति बहस उठाउने र जनचासोका मुद्दा अघि सार्ने नेताका रूपमा छवि बनाएका थिए। स्वास्थ्य मन्त्री हुँदा गरेका सुधार प्रयासदेखि लिएर संसदमा दिएका धारिला भाषणसम्म उनले आफूलाई नयाँ पुस्ताको प्रतिनिधि नेताका रूपमा स्थापित गरेका थिए। त्यसैले कांग्रेसका धेरै नेता तथा कार्यकर्ताले उनको हारलाई एउटा निर्वाचन क्षेत्रको परिणामसँग मात्रै तुलना गरेका छैनन् ।

१८ वर्षदेखि संसदको निरन्तरतामा यसपटक 'ब्रेक' लागेपछि उनको अनुपस्थितिमा संसदले प्रमुख प्रतिपक्षको भूमिका कस्तो निर्वाह गर्छ भन्ने प्रश्न पनि बहसमा आएको छ। अहिलेसम्मको परिणामले संसदमा कमजोर संख्या नै भए पनि मुख्य प्रतिपक्षको भूमिकामा कांग्रेस नै हुने करिब निश्चित छ।

लामो राजनीतिक र राज्य सञ्चालनको अनुभव नभएको वैकल्पिक राजनीतिक शक्तिले दुई तिहाइको नजिक परिणाम ल्याउन लागिरहेको अवस्था एकातिर छ। अर्कोतर्फ लामो राजनीतिक विरासत र राज्य सञ्चालनको अनुभव भएको कांग्रेसभित्रै गगन थापा मात्रै होइन, लामो अनुभव भएका धेरै नेता पराजित भएका छन् । नेता शेखर कोइराला पराजित भएका छन्। दुई युवा महामन्त्री प्रदीप पौडेल र गुरुराज घिमिरे पनि पराजित भएका छन्। संसदीय अभ्यासको लामो अनुभव संगालेका मिनेन्द्र रिजाल, विमलेन्द्र निधि, एनपी साउदललगायतका नेताहरूलाई समेत रास्वपाको भेलले बगाएको छ।

कांग्रेसका कतिपयले संसदमा गगन थापा नहुनु भनेको बहसको एउटा महत्वपूर्ण स्वर कमजोर बन्नु हो भनेर बताएका छन् । किनकि संसदको बहस प्रायः औपचारिक र दलगत सीमाभित्र सीमित हुने परम्परामा गगन नै त्यस्ता सांसद थिए, जसले पार्टीको सीमा बाहिर गएर सत्यको पक्षमा बोल्ने प्रयास गरिरहे। पार्टी सत्तामा भएका बेला पनि उनले प्रतिपक्षी भूमिकामा उभ्याउन प्रयास गरे । कतिपय बेला प्रतिपक्षमा हुँदा पनि सरकारको राम्रो कामको प्रशंसा गरे । उनको अनुपस्थितिमा कांग्रेसले निर्वाह गर्ने संसदको भूमिका कस्तो होला भन्ने चिन्ता पनि एकथरीको छ।

खासगरी कांग्रेसभित्र वर्षौंदेखि जमेको पोखरी भत्काएर नेतृत्वमा आएका थापालाई यो हारले व्यक्तिगत रूपमा ठूलो धक्का त लागेकै छ, पार्टीभित्र सुधार, संगठन पुनर्निर्माण र नयाँ राजनीतिक एजेन्डाको मुद्दा कमजोर हुने चिन्ता पनि गरिएको छ।

अर्कोतर्फ यही मौका पारेर पूर्व सभापति शेरबहादुर देउवा पक्षीय नेताहरू उनीमाथि नैतिकताको प्रश्न उठाएर पार्टीभित्र गुमेको साख पुनः फर्काउन सकिन्छ कि भनेर लागिरहेका छन्। त्यसैले विशेष महाधिवेशनको औचित्य र उनको नेतृत्वमा कांग्रेसले भोग्नु परेको पराजयलाई नैतिकतासँग जोडेर राजीनामाको माग गर्ने तर्क अघि सार्ने प्रयास भइरहेको छ।

थापा संसदका चारवटा निर्वाचन मात्रै होइन, ३२ वर्षअघिदेखि विद्यार्थी राजनीतिबाट निरन्तर चुनाव लड्दै आएका नेता हुन्। २०५१ सालमा सबैभन्दा धेरै मत ल्याएर त्रिचन्द्र कलेजमा स्ववियू सदस्य बनेका थिए । त्यहीँबाट उनको राजनीतिक यात्राको आधार बनेको थियो।

२०५३ सालमा त्रि-चन्द्रमै स्ववियू सचिव पदमा उम्मेदवारी दिएका उनले सर्वाधिक मतसहित विजय हासिल गरेका थिए। त्यसबेला विद्रोही र पार्टीको आधिकारिक प्यानलबीच प्रतिस्पर्धा भएको थियो। आधिकारिक प्यानलको नेतृत्व राजेश शाहीले गरेका थिए भने विद्रोही पक्षको नेतृत्व हरि आचार्यले गरेका थिए। थापा भने दुवै पक्षका लागि स्वीकार्य उम्मेदवार बने र अत्यधिक मतसहित निर्वाचित भए।

२०५५ सालमा त्रिचन्द्रमै स्ववियू सभापतिको प्रतिस्पर्धामा उत्रिएका थापाविरुद्ध छिरिङ तेन्जिङ लाबराङ विद्रोही उम्मेदवार बनेका थिए । त्यसका बाबजुद पनि थापा अत्यधिक मतसहित सभापतिमा निर्वाचित भएका थिए । १३औँ महाधिवेशनमा कृष्णप्रसाद सिटौलासँग मिलेर महामन्त्री पदमा उम्मेदवारी दिँदा बाहेक उनले विद्यार्थी जीवनदेखि अहिलेसम्म चुनाव हारेका थिएनन् ।

स्ववियू सभापति हुँदादेखि नै केही गर्ने हुटहुटी बोकेका थापाले प्रधानमन्त्री भएर देखाउने प्रतिबद्धता पनि व्यक्त गर्दै आएका थिए। सरकारमा पुगेपछि पहिलो दिनदेखि गर्नुपर्ने कामबारे उनले गहिरो अध्ययन गरेर अगाडि बढेका थिए। त्यसका लागि दुई वर्षअगाडिदेखि 'प्रोजेक्ट गभर्मेन्ट' मार्फत राज्य सञ्चालनका कमजोरीहरूको अध्ययन गर्दै कानुनमा गर्नुपर्ने सुधार र काम गर्ने शैली परिवर्तनबारे आफ्नै नेतृत्वमा व्यवस्थित प्रतिज्ञापत्र तयार पारेका थिए। निर्वाचनको हारपछि थापाले कस्तो बाटो लिन्छन् भन्नेबारे सार्वजनिक रूपमा केही बोलेका छैनन्। तर उनले नैतिकताको आधारमा नेतृत्वबाट राजीनामा दिने कि नदिने भन्नेमा पार्टीभित्र स्पष्ट दुई धार देखिएको छ। अधिकांश नेताहरू हारको मैदानबाट कांग्रेसलाई पुनः उठाउन थापाको विकल्प नभएको भन्दै राजीनामा दिने वा माग्ने तर्फ लाग्न नहुने बताइरहेका छन्।

कांग्रेस नेता सुनील शर्माले शून्यबाट उठ्नुपर्ने बेला सभापतिको राजीनामा माग्नु वा दिनु समाधानको बाटो नभएको बताउँछन् । उनले भने, 'सभापतिको राजीनामा माग्ने कुरा क्षणिक भावावेश मात्रै हो। नेतृत्वको हैसियतले उहाँमाथि नैतिक दायित्व अवश्य रहन्छ । तर आज देखिएको संकटको मूल कारण दशकौँदेखि चल्दै आएको फोहोरी र अवसरवादी राजनीति हो। सम्पूर्ण असफलताको भारी एउटै व्यक्तिको काँधमा थोपर्नु राजनीतिक दृष्टिले न्यायोचित हुँदैन ।'

केन्द्रीय कार्यसमितिका सदस्य सुवास पोखरेलले हारको नैतिक जिम्मेवारी लिएर पार्टीलाई धुलोबाट उठाउनुपर्ने बेला नेतृत्वको विकल्प खोज्न दबाव दिनु गलत हुने बताए। सभापतिले राजीनामा नभई नैतिक जिम्मेवारी मात्रै लिएर अघि बढ्नुपर्ने उनको भनाइ छ।

'यो पार्टीलाई माथि उठाउने कांग्रेसभित्र अर्को विकल्प छैन । सभापतिले राजीनामा माग्ने र दिने कुरा हुन सक्दैन । राजीनामा दिनु भनेको जिम्मेवारीबाट भाग्नु हो । सभापतिले राजीनामा दिनुहुन्न । तर नेतृत्वको हैसियतले निर्वाचन हारको नैतिक जिम्मेवारी भने लिनुहुन्छ ।'

सत्ता बुझेको, आँट र साहस भएको, राज्य सञ्चालनको अनुभव भएको, भू-राजनीतिक अवस्था बुझ्ने र कुनै पनि विषयमा तर्क र तथ्यसहित बहस गर्न सक्ने कांग्रेसमा अर्को नेता नभएको पोखरेलको भनाइ छ।

'वैकल्पिक शक्तिले दुई तिहाइ पुऱ्याउने अवस्था बन्दैछ । यस्तो अवस्थामा देश कता जान्छ भन्ने अन्योल भइरहेका बेला सुझबुझ भएको नेतालाई राजीनामा दिन लगाएर कांग्रेसको भविष्य थप अन्धकार बनाउन हुँदैन,' उनले थपे।

कांग्रेसका नेता एनपी साउदले अहिलेको परिणाम आउनुका पछाडि मुख्य रूपमा जेन-जी विद्रोहअघिको दुई ठूला दलबीचको सत्ता गठबन्धन नै कारण रहेको बताए। सत्ताका लागि जे पनि गर्ने मनोविज्ञानबाट तत्कालीन नेतृत्वले पार्टी सञ्चालन गर्दा नै यस्तो स्थिति भोग्नुपरेको उनीजस्तै अरू नेताहरूको भनाइ छ।

देउवा र तत्कालीन कार्यवाहक सभापतिसहित पूर्व संस्थापन पक्षका धेरै नेताहरू यसपटकको निर्वाचनमा निष्क्रिय रहे। देउवा आफ्नै गृहनगर डडेलधुरामा भोट हाल्नसमेत गएनन् । उनको निर्वाचन क्षेत्रमा यसपटक नेविसंघका पूर्व अध्यक्ष चुनाव लडेका थिए।

'निर्वाचन बहिष्कारको औचित्य पुष्टि गर्नका लागि डडेलधुरामै उहाँले कांग्रेस उम्मेदवारलाई जिताउन सहयोग गर्नु भएन, बरु उल्टै असहयोगको आभास भयो,' देउवाकै निकटमा रहेका एक नेताले भने, 'कम्तीमा आफ्नो निर्वाचन क्षेत्रमा जानुपर्थ्यो ।'

'विशेष महाधिवेशनको औचित्य र वैधताबारे अहिले नै केही भन्न चाहन्न । तर कांग्रेसलाई माथि उठाउन सामूहिक नेतृत्व प्रणाली र पूर्ण एकता आवश्यक छ,' कांग्रेस नेता साउद भन्छन् । *(कान्तिपुर)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — काम लाभदायक र समय मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । अतिथिको रूपमा सत्कार पाइनेछ

**वृष** — केही खर्च बढे पनि भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । लगनशीलताले नयाँ काम गर्ने अवसर दिलाउनेछ ।

**मिथुन** — अवसर आए पनि फाइदा उठाउन केही चुनौतीहरूसँग जुध्नुपर्नेछ । प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ । सहयोगीहरूले साथ दिनेछन् ।

**कर्कट** — कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । अरूको मुख ताक्ने बानीले पछि परिनेछ । साइनो गाँस्नेहरूबाट जोगिएर काम गर्नुहोला ।

**सिंह** — प्रयत्न गर्दा ठूलो काम सम्पादन हुनेछ । छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ । स्रोत-साधन र सहयोगी जुट्नेछन् ।

**कन्या** — आफ्नै वचन र नियम पालना गर्न नसक्ता अरूले आलोचना गर्न सक्छन् । बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ ।

**तुला** — तारिफयोग्य कामले प्रशंसकहरू बढ्नेछन् । आकर्षक उपहारले उत्साह जगाउनेछ । भैपरी आउने समस्या समाधान हुनेछन् ।

**वृश्चिक** — खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला । लोभले पुराना वस्तुहरूमा खर्च गराउनेछ । लेनदेनतर्फ अपेक्षित लाभांश हातलागी नहुन सक्छ ।

**धनु** — मनग्य धन आर्जन हुनेछ र विभिन्न स्रोत-साधन जुट्नेछन् । आँटले काम बन्नेछ भने आम्दानीले उत्साह जगाउनेछ ।

**मकर** — मेहनतले पदीय जिम्मेवारी दिलाउन सक्छ । विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ ।

**कुम्भ** — स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला । सहयोगको आस देखाउनेहरू पछि हट्नेछन् । आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन् ।

**मीन** — तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । कामको चाप बढ्नेछ ।

## काठमाडौँमा प्रदूषण बढ्यो



**युग संवाददाता**
**काठमाडौँ, २४ फागुन ।**

काठमाडौँ उपत्यकाको वायु प्रदूषण बढ्न थालेको छ। पछिल्ला केही दिनयता मौसम धुम्मिँदै जाँदा वायु प्रदूषण पनि बढ्न थालेको हो। वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले लामो समयसम्म वर्षा नहुनु, हावा नचल्नुलगायत कारणले मौसम धुम्मिएको बताउँदै यसले प्रदूषण बढाउन मद्दत गरेको उल्लेख गरे।

"लामो समयदेखि वर्षा हुन सकेको छैन, हावा पनि चलेको छैन। त्यसैले केही दिनयता मौसम धुम्मिएको छ", उनले भने, "गत वर्षको तुलनामा यस वर्ष प्रदूषण केही कम छ। वन डढेलो नलागेसम्म प्रदूषण अत्यधिक रूपमा भने बढ्ने छैन।"

एयर क्वालिटी इन्डेक्स (एक्यूआई) अनुसार आज मध्याह्नसम्म काठमाडौँ उपत्यकाको वायु गुणस्तर सूचकाङ्क १८६ पुगेको छ। यससँगै काठमाडौँ विश्वको चौथो प्रदूषित सहरका रूपमा सूचीकृत भएको वातावरणविद् भूषण तुलाधारले जानकारी दिए। प्रदूषण नियन्त्रणका लागि समयमा पूर्वतयारी आवश्यक पर्ने बताउँदै उनले घरबाट निस्कने फोहरको उचित व्यवस्थापन, डढेलो नियन्त्रण, सवारीसाधनको धुँवा परीक्षण, मापदण्डको कडाइका साथ कार्यान्वयन गर्न सके प्रदूषण नियन्त्रणमा मद्दत पुग्ने धारणा राखे।

एक्यूआईको मापदण्डअनुसार शून्यदेखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्दछ। त्यस्तै, १०१ देखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेषगरी श्वासप्रश्वास तथा मुटु रोगीलाई असर गर्ने भएकाले सचेतना अपनाउन विभागका महानिर्देशक सुवेदीले आग्रह गरे। उनका अनुसार १५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ।

## सुदूरपश्चिमका १६ मध्ये १० क्षेत्रमा रास्वपा विजयी, कांग्रेस र एमालेको ३/३ सिट




**युग संवाददाता**
**धनगढी, २४ फागुन ।**

सुदूरपश्चिम प्रदेशका १६ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १० क्षेत्रमा जित हासिल गरेको छ। नेपाली कांग्रेस र नेकपा (एमाले) ले ३/३ क्षेत्रमा विजय हात पारेका छन् भने नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले भने यस प्रदेशमा कुनै सिट जित्न सकेन।

रास्वपाले कैलालीका पाँचवटै निर्वाचन क्षेत्र, कञ्चनपुरका तीनवटै निर्वाचन क्षेत्र तथा डडेल्धुरा र बैतडी गरी कुल १० क्षेत्रमा विजय हासिल गरेको हो।

कैलाली-१ बाट रास्वपाका कोमल ज्ञवाली, कैलाली-२ बाट केपी खनाल, कैलाली-३ बाट जगतप्रसाद जोशी, कैलाली-४ बाट खेमराज कोइराला र कैलाली-५ बाट आनन्दबहादुर चन्द निर्वाचित भएका छन्।त्यसैगरी कञ्चनपुर-१ बाट जनकसिंह धामी, कञ्चनपुर-२ बाट दीपक वोहरा र कञ्चनपुर-३ बाट ज्ञानेन्द्र महता विजयी भएका छन्। रास्वपाकै डडेल्धुराबाट डा. ताराप्रसाद जोशी तथा बैतडीबाट हरिमोहन भण्डारी निर्वाचित भएका छन्।

नेपाली कांग्रेसबाट डोटीमा भरतबहादुर खड्का, अछाम-१ मा भरतकुमार स्वार र बाजुरामा जनकराज गिरी निर्वाचित भएका छन्। त्यस्तै नेकपा (एमाले) बाट दार्चुलामा गणेशसिंह ठगुन्ना, अछाम-२ मा यज्ञबहादुर बोगटी र बझाङमा ऐन महर विजयी भएका छन्। २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा भने सुदूरपश्चिमका ८ क्षेत्रमा नेपाली कांग्रेस विजयी भएको थियो। त्यतिबेला कांग्रेसले डडेल्धुरा, कञ्चनपुर-२, कञ्चनपुर-३, कैलाली-४, कैलाली-५, दार्चुला, बाजुरा र अछाम-२ मा जित हासिल गरेको थियो।

त्यसैगरी कञ्चनपुर-१ र बैतडीमा नेकपा (एमाले), डोटी, अछाम-१ र बझाङमा नेकपा (एकीकृत समाजवादी) तथा कैलाली-१, कैलाली-२ र कैलाली-३ मा नागरिक उन्मुक्ति पार्टी विजयी भएको थियो।

# रास्वपाको चुनावी वाचापत्रमा यस्ता छन् आर्थिक सुधारका 'एजेन्डा'

**युग संवाददाता**
**काठमाडौं, २४ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा सबैभन्दा ठूलो दल बनेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकार गठनको तयारीमा छ।

निर्वाचनअघि सार्वजनिक गरिएको चुनावी वाचापत्रमा रास्वपाले आर्थिक सुधारलाई केन्द्रमा राख्दै उत्पादकत्व वृद्धि, नियामक सुधार, लगानीमैत्री वातावरण, डिजिटल अर्थतन्त्र, वित्तीय क्षेत्र सुधारलगायत विषयलाई प्रमुख एजेन्डा बनाएको थियो।

अब सरकार गठनपछि ती प्रतिबद्धताहरू कार्यान्वयन कसरी अघि बढ्छन् भन्ने स्वाभाविक चासोको विषय हो।



### यस्ता छन् रास्वपाको वाचापत्रमा राखिएका आर्थिक एजेन्डा

**उत्पादकत्व वृद्धि र उद्यममैत्री वातावरण**

आर्थिक उन्नयनको मूल आधारका रूपमा थितिसहितको आर्थिक समृद्धि तथा उत्पादकत्वमा वृद्धि गर्ने रास्वपाको वाचापत्रमा उल्लेख गरेको छ।

सीमित समय, पुँजी र साधनस्रोतको अधिकतम उपयोग गर्दै उच्च गुणस्तरीय, प्रतिस्पर्धी र दिगो उत्पादन हासिल गर्नुलाई दीर्घकालीन समृद्धिको मार्गका चित्रित गरिएको छ।

यसका लागि जोखिम बहन गर्न तत्पर निजी लगानी र सक्षम, पारदर्शी तथा सहजीकरणमुखी सार्वजनिक भूमिकाको प्रभावकारी समन्वय आवश्यक रहेको वाचापत्रमा उल्लेख छ।

चुनावी घोषणापत्रमा निजी क्षेत्रले रोजगारी सृजना, वस्तु तथा सेवाको आपूर्ति, राजस्व योगदान र लगानीयोग्य पुँजी प्रवाहमा अग्रणी भूमिका खेल्ने र सरकारको भूमिका नियामक तथा सहजीकरणकर्ताको मात्र हुने स्पष्ट पारिएको छ।

त्यस्तै, नीतिगत दोहन तथा कृत्रिम अवरोधहरूको अन्त्य गर्दै नवप्रवर्तन, उद्यमशीलता र स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने सर्वाधिक उद्यममैत्री व्यावसायिक वातावरण निर्माण गर्ने प्रतिबद्धता पनि पार्टीले जनाएको थियो।

युवा-केन्द्रित जनसाि्यक लाभांशलाई अवसरमा रूपान्तरण गर्दै आगामी १०-१५ वर्षभित्र संरचनात्मक आर्थिक रूपान्तरण हासिल गर्न नसके दीर्घकालीन रूपमा न्यून आय जालमा फस्ने यथार्थप्रति पार्टी सजग रहेको जनाइएको थियो। त्यसैले उत्पादकत्व वृद्धि, सीप विकास, पुँजी निर्माण र प्रविधि-आधारित औद्योगिकीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउने उल्लेख छ।

**नियामक सुधार र सामाजिक बजार अर्थतन्त्र**

कार्टेल, अस्वस्थ प्रतिस्पर्धा, रेन्ट-सिकिङ तथा नीतिगत दोहनजस्ता विकृतिहरू नियन्त्रण गर्न राजनीतिक हस्तक्षेपबाट मुक्त, पेशागत, पारदर्शी र शक्तिशाली नियामकीय निकायहरूको निर्माण तथा सुदृढीकरण गरिने पनि वाचापत्रमा उल्लेख छ।

राजनीति र नियमनबीचको अनुचित साँठगाँठ अन्त्य गर्दै नवप्रवर्तन, निष्पक्ष प्रतिस्पर्धा र सामाजिक उत्तरदायित्वलाई सन्तुलित रूपमा प्रवर्द्धन गर्ने सामाजिक बजार अर्थतन्त्रको रूपरेखाभित्र नेपालको यथार्थ अनुकूल, सन्तुलित र दिगो आर्थिक मोडल अवलम्बन गरिने पनि जनाइएको छ।

निजी क्षेत्रको गतिशीलता, नवप्रवर्तन र सृजनशीलतालाई प्रवर्द्धन गर्ने उदार अर्थनीति र सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात, आवास तथा सामाजिक सुरक्षामार्फत राष्ट्रिय आयको समतामूलक पुनर्वितरणलाई सन्तुलित रूपमा संयोजन गरिने विषय वाचापत्रमा राखिएको छ।

अबको लोककल्याणकारी राज्य लाभ वितरणमा मात्र सीमित नभई वृद्धिको स्वरूपलाई रूपान्तरण गर्दै दीर्घकालीन आर्थिक, सामाजिक र पर्यावरणीय सन्तुलनको आधार निर्माण गर्ने लक्ष्य पनि राखिएको छ।

**वृद्धिको लक्ष्य र कानुनी सुधार**

आर्थिक प्रगतिमा बाधक रहेका वा असान्दर्भिक बनेका करिब दुई दर्जन ऐन खारेज गरिने घोषणा गरिएको थियो। झन्झटिला ऐन र तजबिजी प्रक्रियाहरू शृखंलाबद्ध रूपमा खारेज वा सुधार गरेर उत्पादनको लागत घटाउने, व्यावसायिक वातावरण सुधार्ने र आर्थिक वृद्धिका प्राथमिकता क्षेत्रहरूमा स्वदेशी एवं प्रवासी लगानी आकर्षित गरिने उल्लेख छ।

पहिलो दल रास्वपाले नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बनाउन अर्को पाँच वर्ष औसत आर्थिक वृद्धि दर वार्षिक सात प्रतिशत (स्थिर मूल्यमा) कायम गरेर जग बसाल्ने लक्ष्य राखेको छ।

यसका आधारमा पाँचदेखि सात वर्षभित्रै प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुऱ्याउने महत्वाकाङ्क्षी लक्ष्य पनि लिइएको छ। कुन ऐन र नियमावली खारेज वा संशोधन गर्ने भन्ने निर्णयको आधार स्वतन्त्र विश्लेषण, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन २०८१, एवं नेपाल उद्योग परिसङ्घ र उद्योग वाणिज्य महासङ्घका सुझाव लिइने पनि उल्लेख छ।

**कर नीति र विनिमय दर पुनरावलोकन**

सामाजिक न्यायसहितको उदार अर्थनीति अवलम्बन गर्ने दल भएकाले निजी क्षेत्रसँगको उन्नत समझदारीका आधारमा राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करको बोझ घटाइने बताइएको छ। कर कानुन तथा नियमहरू भूतप्रभावी ढङ्गले नलगाइने र नियोजित कर छली रोकिने उल्लेख छ। मध्यम वर्गीय परिवार र बालबालिकाको उज्ज्वल भविष्यका लागि 'पारिवारिक भार' का आधारमा आयकरको सीमा पुनरावलोकन गर्ने नीति अवलम्बन गरिने जनाइएको छ।

शिक्षा, स्वास्थ्य तथा पालनपोषण खर्चबापत निश्चित रकम करयोग्य आयबाट घटाउन पाउने कानुनी व्यवस्था गर्दै संस्थागत बचत कार्यक्रमहरूलाई प्रश्रय दिइने उल्लेख छ।

त्यस्तै, भारतीय रूपैयाँसँग तीन दशकदेखि स्थिर विनिमय दर कायम रहेकामा विशिष्ट अन्तरराष्ट्रिय प्राज्ञहरूसमेतको सहभागितामा यस प्रणालीको अध्ययन र पुनरावलोकन गरिने पनि घोषणापत्रमा उल्लेख छ।

**लगानी, सार्वजनिक संस्थान र आयोजना व्यवस्थापन**

स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि एकै स्थानमा फाइल पेस गरेपछि अन्य निकाय धाउन नपर्ने व्यवस्थासहित वान स्टप सेवा केन्द्रको कार्यान्वयन गरिने उल्लेख छ।

डिजिटल माध्यमबाट सजिलो, द्रुत र निःशुल्क रूपमा व्यवसाय दर्ता गराउने व्यवस्था मिलाइने जनाइएको छ। राजस्व न्यायाधिकरणको संरचना सुधार गर्दै राजस्व अनुसन्धान विभाग खारेज गरी भ्रष्टाचार नियन्त्रण गर्न चार्टर्ड एकाउन्टेन्टहरूको बाहुल्य रहेको दक्ष पेसागत इकाइ निर्माण गरिने पनि वाचापत्रमार्फत रास्वपाले आफ्नो नीति रहेको जनाएको छ।

सार्वजनिक संस्थानहरूको वर्गीकरण गरी केहीलाई गाभ्ने, केही निजी-सार्वजनिक मोडलमा लैजाने, केहीमा रणनीतिक साझेदार भित्र्याउने र अन्यलाई विकेन्द्रित गर्ने, र केहीको अचल सम्पत्तिको स्वामित्व सरकारका नाममा ल्याउने विकल्पमा अघि बढ्ने उल्लेख छ।

सार्वजनिक आयोजनाहरूलाई स्पष्ट उद्देश्य, सुनिश्चित बजेट र समयसीमासहित लक्ष्य-केन्द्रित कार्यशैली (मिसन मोड) मा कार्यान्वयन गरिने र आयोजना सम्पन्न नभएसम्म प्रमुख तथा खटिएका कर्मचारीको सरुवा नगर्ने व्यवस्था गरिने जनाइएको छ।

विगत १२ वर्षदेखि गतिहीन रहेका राष्ट्रिय गौरवका आयोजनाहरूलाई आगामी दुई वर्षभित्र अनिवार्य सम्पन्न गर्नेगरी नतिजामुखी समयबद्ध कार्ययोजना लागू गरिने उल्लेख थियो भने अबको पाँच वर्षमा १० वटा नयाँ विविधीकृत क्षेत्रका आयोजनाहरूलाई राष्ट्रिय गौरवको सूचीमा समावेश गरी 'फास्ट ट्र्याक' मोडेलमा अगाडि बढाइने पनि वाचापत्रमा उल्लेख छ।

**वित्तीय क्षेत्र सुधार**

सहकारी र लघुवित्त क्षेत्रको अनियन्त्रित र फितलो नियमनलाई विस्थापन गरी सम्पूर्ण गैर-बैङ्किङ वित्तीय क्षेत्रलाई नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष र शक्तिशाली सुपरीवेक्षण प्रणालीभित्र ल्याइने उल्लेख छ।

त्यस्तै, ५० करोडभन्दा बढीको कारोबार गर्ने सहकारी र लघुवित्तहरूलाई अनिवार्य रूपमा राष्ट्र बैङ्कको कडा नियमनमा ल्याइने र साना संस्थाहरूको व्यवस्थित सञ्चालनका लागि एक उच्चाधिकार सम्पन्न 'दोस्रो तहको नियामक' गठन गरिने वाचापत्रमा जनाइएको छ।

कर्जा प्रवाहमा हुने दोहोरोपन र ऋणको पासो अन्त्य गर्न सहकारी र लघुवित्त दुवैलाई 'कर्जा सूचना केन्द्र' सँग जोडी वास्तविक क्षमताका आधारमा मात्र कर्जा प्रवाह हुने सुनिश्चित गरिने नीति रास्वपाले लिने वाचापत्रमा राखिएको छ। ब्याजदरलाई आधारदरसँग जोडेर केही प्रतिशत मात्र प्रिमियम लिन पाउने स्वचालित प्रणाली लागू गरी चर्को ब्याज र अनुचित सेवा शुल्कको अन्त्य गरिने बताइएको छ।

**बचत सुरक्षा र मिटरब्याज अन्त्य**

सरकार गठन भएको सय दिनभित्र साना बचतकर्ताहरूको बचत खातामा फिर्ता गरिने र बचतकर्ताहरूको कमाई सुरक्षित गर्न राज्यका तर्फबाट एक 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गरिने उल्लेख छ।

'थुनेर होइन, सुनेर' समाधान गर्ने नीतिअनुरूप बचत फिर्ता गर्न तयार सञ्चालक वा व्यवस्थापन पक्षलाई मिलापत्रका लागि कानुनी बाटो प्रशस्त गरिदिने पनि जनाइएको छ। मिटर ब्याज र अनुचित लेनदेनलाई आर्थिक अपराधका रूपमा परिभाषित गर्दै आगामी पाँच वर्षभित्र यसका सबै जालोहरूलाई कानुनी र संरचनात्मक रूपमा ध्वस्त पारिने उल्लेख छ।

विगतमा गरिएका सबै अवैध तमसुक र कपाली तमसुकहरूको न्यायिक छानबिन गरी पीडितहरूको जग्गा र सम्पत्ति फिर्ता गराउन एक अधिकार सम्पन्न 'द्रूत न्याय कार्यदल' गठन गरिने पनि वाचापत्रमार्फत सार्वजनिक गरिएको थियो।

**पुँजी बजार र डिजिटल अर्थतन्त्र**

पुँजीबजारलाई पारदर्शी, सुरक्षित र लगानीमैत्री बनाउन नियामक सुधार गर्दै नेप्सेलाई अन्तरराष्ट्रिय स्तरको बनाइने, इन्साइडर ट्रेडिङ र बजार हेरफेरविरुद्ध शून्य सहनशीलताको नीति लागू गरिने उल्लेख छ।

पेन्सन फन्ड, बीमा, म्युचुअल फन्डलाई सक्रिय लगानी गर्न प्रोत्साहन गर्दै ऋण बजार र बन्ड बजारको विकास गरिने, गैर-आवासीय नेपालीलाई नेप्सेमा कारोबार गर्न सहज नीति बनाइने र वस्तु विनिमय बजार यथाशीघ्र सञ्चालनमा ल्याइने जनाइएको थियो।

नेपालको विशिष्ट भूगोल र अवस्थालाई ध्यानमा राख्दै 'सीमारहित अर्थतन्त्र' को अवधारणालाई राष्ट्रिय आर्थिक रणनीतिको केन्द्रमा राखिने र श्रम निर्यातमा निर्भर अर्थतन्त्रलाई सेवा निर्यातमुखी तथा ज्ञान-आधारित अर्थतन्त्रमा रूपान्तरण गर्न डिजिटल रूपान्तरणलाई प्रमुख आधार बनाइने उल्लेख छ।

यसका लागि परिमार्जित तथा विस्तारित बृहत् डिजिटल नेपाल फ्रेमवर्क निर्माण गरी नीति सुधार, पूर्वाधार विकास र सार्वजनिक-निजी लगानी अभिवृद्धि गरिने पनि घोषणापत्रमा उल्लेख थियो।

रास्वपाले गत निर्वाचनका लागि सार्वजनिक गरेको चुनावी वाचापत्रमा नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने रेमिट्यान्सलाई उछिन्दै सूचना प्रविधि (आइटी) क्षेत्रलाई देशको प्रमुख आर्थिक आधार बनाउने महत्वाकाङ्क्षी योजना सार्वजनिक गरेको थियो।

आइटी क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गर्ने उल्लेख गर्दै यसलाई देशको सबैभन्दा ठूलो निर्यातजन्य क्षेत्र बनाउने लक्ष्य लिएको छ।

सूचना प्रविधि क्षेत्रको निर्यातलाई आगामी १० वर्षमा ३० अर्ब डलर पुऱ्याउने महत्वाकाङ्क्षी लक्ष्य रास्वपाले लिएको छ। यस लक्ष्यलाई साकार पार्न पार्टीले एक स्वायत्त 'आइटी प्रवर्द्धन बोर्ड' गठन गर्ने जनाएको छ।

यस क्षेत्रको विकासका लागि विशेष आयकर सहुलियत, वैदेशिक लगानी भित्र्याउन र नाफा स्वदेश फिर्ता लैजान सरल नीति तथा बौद्धिक सम्पत्ति धितो राखी सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ।

नेपाललाई ग्लोबल टेक हबका रूपमा विकास गर्न रास्वपाले सातै प्रदेशमा अत्याधुनिक डिजिटल पार्क निर्माण गर्ने योजना सार्वजनिक गरेको छ।

यसबाट प्रत्यक्ष रूपमा पाँच लाख युवालाई रोजगारी सुनिश्चित गर्ने लक्ष्य लिइएको छ। यसका लागि डिजिटल इकोसिस्टम निर्माणमा जोड दिँदै सञ्चार पूर्वाधार, डेटा सेन्टर, क्लाउड सेवा र साइबर सुरक्षामा ठूलो लगानी गरिने उल्लेख छ।

**'क्यासलेस सोसाइटी' र स्वदेशी स्टार्टअपलाई प्राथमिकता**

रास्वपाले नेपाललाई 'डिजिटल-फर्स्ट' राष्ट्रका रूपमा चिनाउँदै सबै आर्थिक कारोबारलाई एकीकृत डिजिटल प्लेटफर्ममा आबद्ध गरी 'क्यासलेस सोसाइटी' निर्माण गर्ने योजना अघि सारेको छ। यसले भ्रष्टाचार र राजस्व चुहावट नियन्त्रणमा मद्दत पुग्ने वाचापत्रमा उल्लेख छ। स्वदेशी स्टार्टअपहरूलाई विश्वव्यापी बजारसँग जोड्न ' अन्तरराष्ट्रिय पेमेन्ट गेटवे' का कानुनी र प्राविधिक अवरोधहरू तत्काल हटाउने प्रतिबद्धता पनि पार्टीले जनाएको छ।

**एआई र क्रिप्टोमा नेपालको सम्भावना**

रास्वपाले नेपाललाई कच्चा विद्युत् मात्र निर्यात गर्ने देशबाट कृत्रिम बौद्धिकता (एआई) र कम्प्युटेसन शक्ति निर्यात गर्ने देशमा रूपान्तरण गर्ने लक्ष्य लिएको छ।

नेपालको स्वच्छ ऊर्जा, चिसो मौसम र भौगोलिक संरचनालाई डाटा सेन्टर सञ्चालनका लागि उपयुक्त मान्दै जलविद्युत् आयोजना नजिकै उच्च क्षमताका डाटा सेन्टर स्थापना गरिनेछ। यसबाट ग्रिन जिपियु कम्प्युटिङ सेवा एसियालाई निर्यात गर्न सकिने रास्वपाको दाबी छ।

यस्तै, एक वर्षभित्र विश्वव्यापी अध्ययनका आधारमा क्रिप्टोकरेन्सीको नियमन र उपभोक्ता संरक्षणबारे स्पष्ट राष्ट्रिय नीति ल्याइने र क्रिप्टो माइनिङको सम्भावनालाई पाइलट प्रोजेक्टका रूपमा अघि बढाइने जनाइएको छ।

**डिजिटल रोजगारी र 'रिमोट वर्क'**

विश्वव्यापी श्रम बजारको परिवर्तनलाई आत्मसात् गर्दै रास्वपाले नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न पाउने व्यवस्था सुनिश्चित गर्ने जनाएको छ।

यसका लागि श्रम ऐन संशोधन गरी रिमोट वर्क र डिजिटल रोजगारीलाई वैधानिक मान्यता दिइनेछ। साथै, डिजिटल नोम्याड (घुमन्ते डिजिटल कर्मचारी) लाई आकर्षित गर्न विशेष भिसा र बसोबासको नीतिगत व्यवस्था गरिने वाचापत्रमा उल्लेख छ। *(नागरिक)*

## कांग्रेस...

आफ्नै गुटको नेतृत्वकर्तासँग आएर समाजवादी भएका हुन्। दुई पटक एमालेबाट सांसद बनेका उनी एक पटक समाजवादीबाट र अहिले पुनर्गठित नेकपाबाट सांसद बनेका छन्। डोल्पामा चार पटक सांसद बन्न सफल भएका धनबहादुर र कर्णबहादुरबीच योपटक प्रतिस्पर्धा थियो।

धनबहादुर र कर्णबहादुर सहोदर दाजुभाई हुन्। दाजु कर्णबहादुर नेपाली काँग्रेसबाट लडेका थिए। उनी काँग्रेसका सहमहामन्त्री पनि हुन्। भाइसँग चुनाव लडेका उनी तेस्रो भए। यस्तै, नेकपाबाट कालीकोटमा महेन्द्रबहादुर शाही विजयी भएका छन्। प्रतिनिधिसभामा शाहीको यो तेस्रो जित हो। उनी २०७४ मा कर्णाली प्रदेशसभामा विजयी पहिलो मुख्यमन्त्रीसमेत बनेका थिए।

नेकपाबाट रुकुम पश्चिममा गोपाल शर्मा र सल्यानमा रमेश मल्ल निर्वाचित भए। यी तीनै जना पूर्वमाओवादीका नेता हुन्। नेकपाबाट जाजरकोटमा शक्तिबहादुर बस्नेत, सुर्खेत १ मा जीतबहादुर राना, हुम्लामा डा. दीपेन्द्र रोकाया, दैलेखमा अम्मरबहादुर थापा, मुगुमा चन्द्रबहादुर शाही नेपाली काँग्रेससँग पराजित भए। जाजरकोटका बस्नेत २०७० यताका सबै निर्वाचनमा विजयी भएका थिए। यस पटक उनको सांसद बन्ने तेस्रो प्रयास असफ भएको छ।

सुर्खेत २ मा झकबहादुर मल्ल रास्वपा र जुम्लामा नरेश भण्डारी राप्रपासँग पराजित भए। दैलेख-२ मा योगेन्द्रबहादुर शाही एमालेसँग पराजित भए। अहिलेको प्रतिनिधि सभा सदस्य निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीको पनि कर्णालीबाटै साख जोखिएको छ। राजावादी दल राप्रपाले देशभर एउटा मात्र सिट जितेको छ।

जुम्लाबाट सांसद दोहोरिएका राप्रपाका ज्ञानबहादुर शाहीले राप्रपाको साख जोगाएका हुन्। २०७९ को प्रतिनिधि सभा निर्वाचनमा पनि उनले राप्रपाबाटै लडेर जुम्लामा जितेका थिए। त्यतिबेला काँग्रेस-माओवादीको गठबन्धनलाई हायलकायल पारेर पहिलो प्रयासमै शाही सांसद बनेका थिए।

देशभर रास्वपाको लहर चलेका बेला कर्णाली केही जिल्लामा खासै मत पाउन सकेन। सुर्खेत-२ रास्वपा जिल्ला सभापति रमेशकुमार सापकोटाले काँग्रेस, एमाले र नेकपालाई पछि पारेर जित निकाले। उनले १४ हजार बढी मतान्तरले जित निकालेका छन्।

सल्यान, सुर्खेत, दैलेखमा रास्वपाले सन्तोषजनक मत पाएको छ। यी बाहेक अन्य क्षेत्रमा रास्वपाका उम्मेदवारले अपेक्षाकृत मत प्राप्त गर्न सकेनन्। सल्यानमा उपविजेता बनेका रास्वपाका ललितकुमार चन्दले २० हजार नौ सय चार मत ल्याएका छन्।

सुर्खेत १ मा टेकबहादुर सिंहले १४ हजार सात सय २९ मत प्राप्त गरे। दैलेख-१ मा उम्मेदवार रहेको नन्दकिशोर बस्नेतले आठ हजार एक सय ५१, दैलेख-२ मा बखतबहादुर शाहीले ६ हजार सात सय ९७ र कालीकोटका उम्मेदवारले तीन हजार एक सय एक मत पाए।

जुम्लाबाट गएको निर्वाचनमा समानुपातिक प्रणालीबाट सांसद बनेकी विनिता कठायतले पनि अपेक्षाकृत मत प्राप्त गर्न सकिनन्। उनले चार सय २१ प्राप्त गर्दा डोल्पामा एक सय ८१, हुम्लामा एक हजार ६४, मुगुमा पाँच सय ३० रुकुम पश्चिममा चार हजार ७६ र जाजरकोटमा दुई हजार चार ७१ मत रास्वापका उम्मेदवारले पाएका छन्।

# हर्क साम्पाङलाई कोशीमा तीन सिटको सफलता

**◣युग संवाददाता**
**विराटनगर, २४ फागुन ।**

फागुन २१ को चुनावका लागि उम्मेदवारको मनोनयन दर्ता अघिसम्म पनि धरानका मेयर हर्क साम्पाङ तानातानमा थिए ।

काठमाडौं महानगरका तत्कालीन मेयर बालेन शाहलाई पार्टीमा भित्र्याएर देशव्यापी जनलहर ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टी होस् या रास्वपामा मिसिएर १२ दिनमै बाहिरिएका उज्यालो नेपालका कुलमान घिसिङ, हर्कसँग पार्टी एकता गर्ने ध्येयमा रहेको चर्चा थियो ।

कुलमान घिसिङ र उनको टिम त चुनावअघिसम्म पनि हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीसँग चुनावी सहकार्यको प्रस्ताव गरिरहेका थिए ।

'कुलमानजीको पार्टीको टिमले हाम्रो अध्यक्षलाई चुनावी सहकार्यका लागि चुनावको केही दिनअघिसम्म पनि प्रस्ताव पठाइरहेको थियो,' श्रम संस्कृति पार्टीका एक पदाधिकारीले भने, 'तर हाम्रो अध्यक्षज्यूले एक्लै अघि बढ्ने हो भन्ने अडान छोड्नु भएन ।'

अहिले चुनावी लहर ल्याएको रास्वपा होस् या केही क्षेत्रमा राम्रो मतसंख्या ल्याएको उज्यालोसँग एकता र चुनावी सहकार्य अस्वीकार गरेका हर्क साम्पाङको दलले कोशी प्रदेशमा भने प्रत्यक्षतर्फ तीन क्षेत्रमा जित हासिल गरेको छ ।

कोशीकै ३ क्षेत्रमा दोस्रो बनेको छ । २०७९ मा धरानमा स्वतन्त्र उठेर मेयर जितेका साम्पाङले यही वर्ष मात्रै श्रम संस्कृति पार्टी स्थापना गरेका थिए । जेनजी आन्दोलनलगत्तै बनेको नागरिक सरकारमा प्रधानमन्त्री हुन इच्छा देखाएका उनले त्यो अवसर त पाएनन् ।

त्यसपछि बालेन शाहसँग 'असन्तुष्ट' रहेका उनले बालेनलाई नै लक्ष्य गर्दै एकपछि अर्को स्टटास लेख्दै र बोल्दै रोष प्रकट गरेका थिए । बालेनकै नेतृत्वमा रास्वपाले चुनावी लहर सिर्जना गरेर उनलाई प्रधानमन्त्री बनाउने निश्चित भइसक्दा पनि हर्क भने बालेनभन्दा रविलाई प्रधानमन्त्री बनाउनु पर्ने अभिव्यक्ति दिइरहेका छन् ।

बालेनले पनि उनको स्टटासमा पहिलेझैं माया गरिरहने भनेर प्रतिक्रिया दिएका छन् । यसपटकको चुनावमा मुलुकभर बालेनका नाममा रास्वपाले लहर ल्याउँदा पनि बालेनविरूद्ध लगातार उभिएका हर्कले कोशी पहाडमा भने रास्वपाको लहर रोकेको चुनावी नतिजाले देखाएको छ ।

पछिल्लो पटक अञ्जुलीको माटो चुनाव चिह्नमा हर्क नेतृत्वको दल श्रम संस्कृतिका ध्रुवराज राईले भोजपुरमा नेकपा एमालेका सचिव तथा कोशी प्रदेश इन्चार्ज शेरधन राईलाई पराजित गरेका छन् ।

राईलाई श्रम संस्कृति पार्टीका ध्रुवराज राईले १९१३ मतान्तरमा पराजित गरेका हुन् ।

ध्रुवराजले १६ हजार ६६३ मत प्राप्त गरेका छन् भने शेरधनले १४ हजार ७५० मत पाएका हुन् ।

२०७४ मा एमालेबाट टेम्केमैयुङ गाउँपालिका अध्यक्ष निर्वाचित भएका ध्रुवराज २०७९ मा पनि पालिका अध्यक्षमा उठ्न चाहन्थे । यद्यपि पार्टीमा गुट नमिल्ने उनलाई शेरधनले टिकट दिन अस्वीकार गरेका थिए । पालिकामा टिकट दिन अस्वीकार गर्ने आफ्नै पूर्व नेतालाई हराएर उनले संसद् यात्रा तय गर्दा शेरधनको 'कमब्याक' चाहना अधुरै रहन पुगेको छ ।

श्रम संस्कृतिका अध्यक्ष हर्क स्वयम्ले पनि सुनसरी-१ बाट संसद् यात्रा निश्चित गरिसकेका छन् ।

खोटाङमा पार्टी महासचिव आरेन राई पनि निर्वाचित भएका छन् ।

आरेन राईले १६ हजार ६१२ मत प्राप्त गर्दै एमालेका वीरकाजी राईलाई पछि पारेका थिए । एमालेका वीरकाजी राईले १२ हजार ७१४ मत पाएका थिए ।

सुनसरी १ मा हर्क साम्पाङले ३५ हजार ७४१ मत पाउँदा रास्वपाकी शरिन (गोमा) तामाङ २७ हजार २४९ मत पाउन सफल भइन् ।

जित हात पारेका यी तीन क्षेत्रबाहेक श्रम संस्कृति पार्टी कोशीका थप तीन क्षेत्रमा प्रत्यक्षतर्फ दोस्रो भएको छ ।

उदयपुर १ मा रास्वपाका पारसमणि गेलाल ३० हजार ५९० मत पाएर जित्दा श्रम संस्कृतिका राजेशकुमार राईले ११ हजार ६०६ मत पाएका थिए ।

त्यस्तै पाँचथरमा कांग्रेसका नरेन्द्रकुमार केरुङ १७ हजार २३३ मत पाएर जित्दा श्रम संस्कृति पार्टीका हस्तराज शेर्मा १४ हजार ७३४ मत पाएर दोस्रो बनेका छन् ।

त्यस्तै मोरङ १ मा पनि श्रम संस्कृतिले मुख्य दलहरुलाई पछि पार्ने गरी मत पाएको छ ।

मोरङ १ मा रास्वपाका यज्ञमणि न्यौपाने २७ हजार ३६७ मत ल्याएर जित हासिल गर्दा श्रम संस्कृतिकी शान्ति पाख्रिन लामाले १७ हजार ५२२ मत पाउँदै दोस्रो बनेकी छन् ।

अहिलेसम्म समानुपातिकतर्फ हर्कको दलले ९४ हजार ४९७ मत पाइसकेको छ । यो छैटौं धेरै मत हो । निर्वाचन आयोगका अनुसार हालसम्म समानुपातिकतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीले २० लाख ६९ हजार ४७ मत पाएको छ । नेपाली कांग्रेसले ७ लाख ८ हजार २४२, एमालेले ५ लाख ९८ हजार ७३८, नेपाली कम्युनिष्ट पार्टीले २ लाख ८३ हजार ७७२, राष्ट्रिय प्रजातन्त्र पार्टीले १ लाख ५० हजार ४५१ मत पाएका छन् ।

## घुयँत्रो



ढिलो चाडो चुनावि परिणाम त आउथ्योनै तर पनि वलि सरकारको हिंसा र कार्यकर्ता प्रतिको बदलाको खेल अनि काँग्रेस सदैब अपराधि र भष्टाचारीलाई बचाउने खेलमा लाग्दा जन्मिएको जेनजी विद्रोहले छिटै निम्त्याएको चुनाबले ती अपराधि र भष्टाचारीदलको एकै पटक सत्यानास गरेर लग्यो । कार्यकर्ता र जनता सदैब भष्टाचारका घटना देखाएर कार्बाहिको मागलाई उचो आवाजमा उठाउन लागे तर काँग्रेस एमालेका नेताहरु उल्टै आवाज उठाउनेका विरुद्ध खनिए र भष्टाचारको थुप्रो ठड्याउँदै गए । त्यसका निम्ति दलका नेता मात्र हैन देशको कर्मचारी प्रशासनदेखि लिएर हरेक क्षेत्रमा भातृ भगिनि र शुभेच्छुक वर्गीय संगठनहरु खोलिएर र ती क्षेत्रमा तिनै संगठनका सदस्य मार्फत भष्टाटाचार र बेथितिको पहाड बनाईयो अनि दल र संगठनहरु मिलेर देशलाई चुस्नसम्म चुसेर खोक्रो बनाईयो भष्टाचारी नेताका अगल बगलमा बस्ने र नेतालाई खादा र माला ओढाएर चुक्लि र चाप्लुसि गर्नेहरुले नेतालाई जनताको चाहना भन्दा यति टाढा पुर्याई दिएकि जुनकुरा कुनै नेताले थाहै पाएनन भने कतिले थाहा पाएर नि आफ्ना यस्ता दुर्दिन आउलान भन्ने कल्पनासम्म गरेनन । विशेष अधिवेशनमा दुई तिहाईबाट गगन थापा नेता चुनियको दम्भले काँग्रेसले आफ्नो सबै साखः गुमायो भने वलिको अँझै २० बर्ष पाटि अध्यक्ष र प्रधानमन्त्री खाने ढिपिले चुनाबमा यो हरिविजोग बनायो । झापा ५ का तिनै जनता हुन जसले हिजो पचासौ हजार मत दिएर पठाएका थिए भने आज ५० औं हजार मत उनका विरुद्धमा दिएर पठाएका छन । यी मत पाटिका विरुध्द हैनकि नेताका विरुद्ध खनिएका हुन । यसपटकको निर्वाचनले जनताको आवाजलाई कहिल्यै पनि वेवास्ता गर्नु हुँदैन भन्ने पाठ राम्रोसँग सिकाएकोछ । हामी सबैको साझा शत्रु भनेको रोग,भोक, अशिक्षा र बेरोजगारी हो जबसम्म यी कुरालाई जरैदेखि उखेल्न सकिन्न र यसका विरुद्ध अभियान चलाउन सकिन्न तबसम्म जनताले फेरिफेरि पनि यसरिनै दण्डित गर्नेछन भन्ने कुरा नेताहरुले बुझ्न जरुरीछ ।यसपटकको चुनाबि परिणाम दलहरुको राजनीतिक संगठन कमजोर भएर हैन कि विगत ३५ बर्षदेखि शासन चलाउँदै गर्दा यिनिहरुले गरेका भष्टाचार ,नातावाद,अनि यो प्रविधिको युगमा आएर नि आँफुले गरेको भष्टाचार र बेथिति लुकाउन कानुननै ल्याएर सामाजिक सन्जालनै बन्द गरेर जनताको मुख थुन्न गरिएको परिणाम नै हो । विकाशका योजनामा चर्म भष्टाचार र लापर्वाहि अनि योजना निर्माणमा आर्थिक ब्यभार थप गरेर भष्टाचार गर्न ठेकेदारहरुलाई काम गर्नका लागि अत्याउनु भन्दानि म्याद थप्दै लगेर योजनामा आर्थिक ब्ययभार बढाएर लग्ने प्रवृतिले तोकेको समयमा कुनै पनि काम नहुनेर सम्पूर्ण कामहरु लथालिङ्गको स्थितिमा पुर्याउने दलहरुको नीतिको पनि परिणाम हो रास्वपाले देशैभर अरु दललाई बढार्दै लैजानु । देशैले अब दलहरुले धेरै समीक्षा केही गर्नु पर्दैन , भष्टाचारको अन्त्य , विकाश निर्माणका आयोजना तोकेको समयमा पूरा गर्ने, संविधानले तोके बमोजिमका काम गर्ने , मन्त्रलय, घटाउने, प्रतिनिधि घटाउने, कर्मचारी ६० प्रतिशत घटाउने,अर्थात खर्च ब्यवस्थापन गर्न सक्ने जतिकाम पहिले गर्दै जाने र ४७ सालदेखि भष्टाचारको खेलमा लाग्ने, देशको उद्योग धन्दा बेच्ने, शिक्षालाई ब्यापारीकरण गर्नेहरुलाई बिस्तारै कार्वाहिको दायरामा ल्याउने सोच बनाईयो भने देश बन्छ । काम नगर्ने सपना मात्रै बाँडने र आशाको त्यान्द्रोमा मात्रै झुण्ड्याइ रहने दलको अब काम छैन । अब जो जनतालाई नढाँटि यथार्थ कुरा जनताका अगाडि राखेर राजनीतिमा आउँछ । त्यसैले बाजि मार्छ त्यसकारण दलमा यी कुरामा चेतना फिरे दिन आउन सक्छन । अन्यथा ६ साले पाटि र ७ साले पाटि भनेर जनताले भोट दिन्नन । पुराना दलमा यो चेतना आउला कि नाई ?

## भेनेजुएलामा...

गरेका थिए ।

रिहा भएका राजनीतिक कार्यकर्ता ओमर टोरेसले स्वतन्त्र भएपछि आफू अत्यन्त खुसी लागेको बताए । उनले भने"अहिले कसैलाई दोष दिने समय होइन, स्वतन्त्र भएकोमा खुशी छु ।"

सरकारका अनुसार जेल र परोलमा रहेका गरी ७ हजारभन्दा बढी मानिसलाई स्वतन्त्रता प्रदान गरिएको छ । तर काराकासको जोन ७ जेलबाट छुटेका बन्दीहरूले आफ्नो पूर्ण स्वतन्त्रता सुनिश्चित गर्न अदालतमा उपस्थित हुनुपर्ने छ ।

## किन...

२०७९ को आमनिर्वाचन परिणामलाई हेर्ने हो भने पनि एमालेले कर्णालीबाट समानुपातिकतर्फ प्रतिनिधिसभामा एक लाख ८३ हजार एक सय ३३ र प्रदेशसभामा एक सय लाख ८३ हजार नौ सय ५० मत पाएको थियो ।

उक्त निर्वाचनमा कांग्रेस-माओवादी र समाजवादी लगायतका पाँच दलिय गठवन्धनसँग एक्लै प्रतिस्पर्धा गरेको एमालेले सन्तोषजनक मत प्राप्त गरेपनि प्रतिनिधिसभातर्फका सबै सिट गुमाएको थियो । तर समानुपातिकमा कांग्रेस, माओवादी केन्द्रभन्दा बढी मत एमालेले नै पाएको थियो । २०७९ को निर्वाचनमा कर्णालीमा शून्य भएको एमालेले यसपटक कम्तिमा पाँच वटा सिट जित्ने अपेक्षा गरेको थियो । तर उसको पक्षमा एउटा सिट मात्र आएको छ । एमालेले दैलेख क्षेत्र नम्बर २ मात्रै जित निकाल्न सफल भयो ।

एमालेका लक्ष्मीप्रसाद पोखरेल यो क्षेत्रबाट निर्वाचित भएका छन् । अघिल्लो पटक उनैलाइ हराएका काँग्रेसका दिक्पालकुमार शाही यो पटक पराजित भएका छन् । कर्णालीमा एमाले कमजोर हुनुको कारण एमाले विभाजन र प्रभाव जमाउने व्यक्तिले पार्टी परित्याग देखिन्छ । एमाले स्रोतका अनुसार सुर्खेत, दैलेखका दुई, सल्यान, डोल्पा र मुगुमा जित निकाल्न सकिने आकलन थियो । तर एमाले विभाजनपछि माओवादीमा मिसिएको समाजवादीका कारण नतिजा उल्टिएको छ ।

सुर्खेत-२ र दैलेख-१ मा एमाले छाडेर रास्वपामा लागेका नेताले नतिजा फेरबदल गरेका छन् । जसका कारण आफुलाई सांगठनिक मतमा बलियो ठान्ने एमाले यस पटक दलहरु एक्ला एक्लै लड्दा पनि पुछारमा पुगेको छ ।


९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराइ, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।



मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप


वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी विग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।